संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

**प्रेस विज्ञप्ति - २०६५ जेठ ९**

---

## उच्चायुक्तको कार्यालय-नेपालद्वारा शान्ति प्रक्रियाको अत्यन्त महत्त्वपूर्ण चरणमा दलहरूलाई मानवअधिकारप्रति पुनः प्रतिबद्ध हुन आग्रह

उच्चायुक्तको कार्यालय-नेपाल संविधानसभाको शपथग्रहणअघिको यस नाजुक अवधिमा हालसालै भएका हत्या तथा अन्य गम्भीर मानवअधिकार उल्लङ्घनका घटनाहरूप्रति अत्यन्त चिन्तित छ। नेपालमा दण्डहीनतालाई लम्बिन नदिने हो भने मानवअधिकारको सम्मान तथा अपराध गर्नेहरूलाई जवाफदेही बनाउनु अत्यावश्यक छ।

कानुनको पालना गराउने राज्यको कर्तव्य हो। रामहरि श्रेष्ठको अपहरण तथा चितवनस्थित माओवादी सेनाको शिविरमा गत महिनाको अन्त्यतिर भएको भनिएको उनको हत्यालगायतका आरोपित अपराधहरूमा प्रहरीलाई पूर्ण सहयोग गर्न उच्चायुक्तको कार्यालय सम्बद्ध सबै पक्षलाई प्रोत्साहन गर्दछ।

उच्चायुक्तको कार्यालय श्रेष्ठको हत्याको निन्दा गर्दछ र यसले यस घटनाका सम्बन्धमा हुने सबै आधिकारिक अनुसन्धान तथा मानवअधिकार अनुगमनमा आफूले सहयोग गर्ने नेकपा (माओवादीको) नेतृत्वबाट आश्वासन पाएको छ।

यस कार्यालयले सो हत्याका सम्बन्धमा राज्यअधिकारीहरूको प्रतिक्रिया एवं विस्तृत शान्ति सम्झौता (सम्झौता)अन्तर्गत नेकपा (माओवादी)का मानवअधिकारसम्बन्धी दायित्वहरूको अनुगमन गरिरहेको छ। उच्चायुक्तको कार्यालय सरकारद्वारा गठन गरिने जाँचबुझ आयोगलाई पूर्ण सहयोग गर्न पनि आग्रह गर्दछ।

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org